# सिवाईसी सन्देश

CYC SANDESH

सिवाईसी साकोसको चौमासिक डिजिटल प्रकाशन

अंक २, २०७८ मंसिर




## यस अंकमा

- सिवाईसी समाचार
- सदस्यहरुको सफलताको कथा
- सिवाईसी साकोसका प्रविधिगत सेवाहरु

# सिवाईसी सहकारीले थाल्यो लघुउद्यम कार्यक्रम




१९, भाद्र २०७८
बागलुङ

हुदा खानेलाई हुने खाने बनाउने लक्ष्यका साथ स्थापित सिवाईसी वचत तथा ऋण सहकारी संस्था लिमिटेडले लघुउद्यम कार्यक्रमको सुरुवात गरेको छ ।

न्यून आय भएका महिलाहरुलाई सशक्तिकरण गर्दै आर्थिक जीवनस्तर उकास्ने उद्देश्यले सहकारीले लघुउद्यम कार्यक्रम सुरु गरेको हो । बागलुङमा आयोजित कार्यक्रममा संविधान सभा सदस्य प्रकाश शर्मा पौडेलले कार्यक्रमको शुभारम्भ भएको घोषणा गरेका थिए । पहिलो लघुउद्यम विकास केन्›को रुपमा मालिका सदस्य सेवा केन्› बागलुङ अन्तर्गत बेनी नगरपालिका वडा नं।२ विमिराबोट केन्›लाई प्रदान गरिएको छ ।सहकारीले लघुउद्यम कार्यक्रममार्फत जागरण, प्रवर्द्धन, विकास र सञ्जालीकरण गरी महिलाहरुको आयआर्जन वृद्धि गर्नुका साथै सम्पत्तिमा महिलाको पहुFच स्थापित गर्ने लक्ष्य राखेको छ । सदस्यहरुलाई अधिकार, आवाज, छनौट र सल्लाहबाट सशक्तिकरण गर्ने रणनीति अवलम्वन गरेको छ । संस्थाको कार्यक्षेत्र रहेका बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङका उद्यमी बन्न इच्छुक महिलाहरुमा बचत गर्ने बानीको विकास, क्षमता अभिवृद्धि, वित्तीय व्यवस्थापन सम्बन्धी तालिम मार्फत उद्यमशिलता विकास गरी महिलाहरुलाई आत्मनिर्भर र स्वरोजगार बनाउने लक्ष्य रहेको छ ।

चालु आर्थिक वर्षमा लघुउद्यम कार्यक्रममा ३ हजार महिला सदस्यहरुलाई आवद्ध गराई पहिलो चरणमा ११ वटा सेवा केन्›मार्फत १२० वटा लघुउद्यम केन्›मा ३६ करोड पुजी परिचालन गरिने सिवाईसी साकोसका लघुउद्यम विभाग प्रमुख विष्णु पौडेलले बताए ।

यसैबीच संस्थाको १२ औंF वार्षिक साधारणसभाको मिति तय गरी संस्थाको आ।व।२०७७/०७८ को प्रगति तथा आ।व। २०७८/०७९ को प्रस्तावित नीति तथा कार्यक्रमहरु सहितको वार्षिक प्रतिवेदन सार्वजनिक गरिएको छ । सार्वजनिक गरिएको प्रतिवेदन शेयर सदस्यहरुले संस्थाको वेभसाइट तथा सामाजिक सञ्जाल फेसबुक मार्फत अध्ययन गर्ने व्यवस्था मिलाइएको छ । प्रतिवेदन अध्ययन गरी सदस्यहरुले विस्तारित मञ्चमा सुझावहरु पेश गर्न सक्ने छन ।

कोभिडका कारण सबै सदस्यको उपस्थितिमा साधारण सभा गर्न असम्भव देखिएकाले तथा सहकारी विभागको निर्देशन बमोजिम असोज ३ गते संस्थाको सेवा केन्› रहेका २३ स्थानमा विस्तारित मञ्चको आयोजना गर्नका लागि प्रतिवेदन सार्वजनिक गरिएको हो । संस्थाको केन्›ीय वार्षिक साधारण असोज ९ गते गर्ने तय भएको छ ।

कार्यक्रमको अवसरमा बोल्दै प्रमुख अतिथि संविधासभा सदस्य पौडेलले सहकारीले जन्मदेखि मृत्युपर्यन्तसम्म दिएका सेवाहरुका कारण सिवाईसी राष्ट्रिय स्तरमा अब्बल सहकारीको पहिचान बनाएको बताए । लघुउद्यम कार्यक्रम संचालन गर्न लागेकोमा खुसी व्यक्त गर्दै नमुना, उदाहरणीय र दिगो उद्यम विकास गर्ने कार्यक्रम हुनुपर्नेमा जोड दिए । उक्त अवसरमा संस्थाको सृजनशिल प्रगती र उपलव्धी सहकारी अभियानमा पृथक रहेको धारणा व्यक्त गरेका थिए ।

सहकारीका अध्यक्ष चण्डिप्रसाद शर्मा पौडेलको अध्यक्षतामा सम्पन्न लघुउद्यम शुभारम्भ तथा १२ औं वार्षिक साधारण सभाको वार्षिक प्रतिवेदन सार्वजनिक कार्यक्रममा संस्थाका सल्लाहकार कृष्ण शंकर श्रेष्ठ, उद्यमशील सदस्य सेवा केन्› विहुका संयोजक चुडामणि कडेल, लेखा सुपरीवेक्षण समितिका संयोजक पदमपाणी शर्मा, बिमिराबोट लघुउद्यम विकास केन्›का सदस्य सिता थापा लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत कवि न्यौपानेले संस्थाको हालसम्मको वित्तीय विवरण तथा संस्थाले सेवासुविधाका बारेमा जानकारी गराएका थिए । संस्थाले विकेन्›त रुपमा २३ वटा सेवा केन्› र केन्›ीय कार्यालय मार्फत हालसम्म १८ हजार ८ सय ८८ सदस्यहरुमार्फत २ अर्व ८ करोड १८ लाख भन्दा बढी सम्पत्ति पुर्‍याएर सदस्यहरुलाई वित्तीय तथा गैरवित्तीय सेवा प्रवाह गरिररहेको न्यौपानेले बताए ।

कार्यक्रम संस्थाका उपाध्यक्ष गण्डकी थापा अधिकारीको स्वागत तथा सचिव जयराम भारीको सञ्चालनमा सम्पन्न भएको थियो ।

संस्थाका अध्यक्ष पौडेलले हाल चलिरहेका लघुवित्तहरु कार्यक्रमहरुको आरोह अवरोह र लामो अनुभवबाट पाठ सिक्दै नयाF, परिस्कृत र असली हकवाला महिलाहरुलाई शसक्तिकरण गर्दै महिलाहरुलाई शेयर मालिक हुने तथा उद्यमी बनाउने मोडलमा लघुउद्यम कार्यक्रम संचालन गर्न लागेको बताउनु भयो । एटिएम, मोबाइल बैंकिङ, क्युआर कोड, मिष्डकल बैकिङ लगायतका डिजिटल प्रविधिहरुमार्फत सदस्यलाई स्थानीय स्तरमै सेवा दिंदै आएको संस्थाले आगामी आ।व। मा सुरक्षित संस्था निर्माण गर्दै सदस्यहरुलाई गुणस्तरीय सेवा प्रवाह गर्दै जाने बताए । संस्थाले चालु आ।व।२०७८/०७९ को अन्तमा २९ हजार ५ सय सदस्य र ३ अर्व ५ करोड सम्पत्ति पुर्‍याउने लक्ष्य लिएको पौडेलले जानकारी दिए ।



# सिवाईसी साकोसको १२ औं साधारणसभा सम्पन्न




०९ आश्विन २०७८
बागलुङ

सिवाईसी बचत तथा ऋण सहकारी संस्थाको १२ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । आश्विन ३ गते देखी २३ वटै सेवा केन्द्रमा शुभारम्भ भएको वार्षिक साधारणसभा शनिवार बागलुङमा सम्पन्न भएको हो ।

बागलुङ ,म्याग्दी र पर्वतका सेवा केन्द्रमा गरिएको विस्तारीत मन्चबाट चुनियका प्रतिनिधिको उपस्थितिमा शनिवार केन्द्रीय साधारण सभा गरिएको थियो । सभाले सहकारीका सचिव जयराम भारीको आर्थिक वर्ष २०७७।०७८ को प्रगती तथा चालु आर्थिक वर्ष २०७८।०७९ को प्रस्तावित निति तथा कार्यक्रम र कोषाध्यक्ष सितादेवी कडेल सापकोटाको आर्थिक प्रतिवेदन सर्वसम्मत रुपमा पारित गरेको छ । साविक धवलागिरी अञ्चलका बागलुङ ,पर्वत म्याग्दी र मुस्ताङमा गरि एक दर्जन नयाँ शाखा विस्तार गर्ने तथा कास्की जिल्लामा नयाँ कार्यक्षेत्र थप लगाएतका प्रस्ताव समेत पारित भएका छन ।

नेपालमा सवै भन्दा बढी ३० वटा सहकारी एकिकरण गरी पुरस्कृत भएको सिवाईले यस वर्ष थप आधा दर्जन सहकारी एकिकरण गर्ने प्रस्ताव समेत साधारणसभाले पास गरेको छ । सहकारीका अध्यक्ष चण्डीप्रसाद शर्मा पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बोल्दै जिल्ला समन्वय समिती बागलुङका प्रमुख राजेन्द्र ढुंगानाले राम्रो टिमले दिगो निति र विधीबाट संचालन गरेकोले सिवाईसी सहकारीले छोटो समयमा फड्को मारेको बताउँदै बर्तमानमा अनुदान मुखी भएर सहकारी खुल्ने र परिचान हुँदा सहकारी बदनाम भइरहको बताउनु भयो ।

सिवाईसी साकोसका सल्लाहकार समेत रहनु भएका ढुङगानाले सहकारी राज्यले बनायको मापडण्डमा रहेर संचालन गर्न सके जोखिम नहुने बताउनु भयो । कार्यक्रममा जिल्ला सहकारी संघका उपाध्यक्ष अशोक गोविन्द राजभण्डारीले सहकारीहरु व्यवसायिक गुणस्तर अभिवृद्धि गर्न तर्फ लाग्नु पर्ने बताउनु भयो ।

जिल्ला बचत तथा ऋण सहकारी संघ बागलुङ्का सचिव ऋषीराम गौतमले सहकारीहरु विचको एकतालाइ जोड दिँदै वित्तीय सहकारीहरु एकिकृत रुपमा व्यवस्थित भएर संचालन हुन सके अन्य वित्तिय संस्थाहरुको तुलनामा सहकारी सेवा पनि कमजोर नहुने बताउनु भयो ।

नेपाल पत्रकार महासंघ बागलुङ्का सचिव विजय रानाले सिवाईसी साकोस वित्तिय साथसाथै सदस्यमुखी आफ्ना गैरवित्तिय सेवाहरुको कारण लोकप्रीय रहेको भएको बताउँदै थुप्रै पटक पत्रकार महासंघको अभियानमा समेत महत्वपूर्ण सहयोग गरेको मा संस्था प्रति आभार व्यक्त गर्नु भयो ।

कार्यक्रममा सिवाईसी साकोसका सल्लाहकार बद्रिप्रसाद शर्मा, गुप्तेश्वर सदस्य सेवा केन्द्र, कुश्माका कोषाध्यक्ष अनिता सापकोटा, बेनी सदस्य सेवा केन्द्र म्याग्दीका संयोजक तुलसीनाथ सुवेदी, हटिया सदस्य सेवा केन्द्रका सचिव खिम बहादुर साहानी, अर्जेवा सदस्य सेवा केन्द्रका सचिव वेमकुमारी थापा लगाएतले सिवाईसी साकोस सेवा केन्द्र स्तरका आफ्नो अनुभव, कृयाकलाप र सदस्य सुझाव बारे बोल्नु भएको थियो ।

सिवाईसी साकोसका प्रमुख कार्यकारी अधिकृत कवि न्यौपानेले संस्थामा २०७८ असार मसान्तसम्मको कुल सम्पत्ति १ अर्व ९५ करोड ७४ लाख र सदस्य संख्या १८४६५ रहेको र २०७८ आश्विन ८ सम्म कुल सम्पत्ति २ अर्व ७ करोड ५६ लाख र कुल सदस्य संख्या १९२९७ पुगेको जानकारी दिनुभयो। सहकारीले चालु आव २०७८÷०७९ मा कूल सम्पत्ति ३ अर्ब ५ करोड र सदस्य संस्ख्या २८ हजार ५ सय पु¥याउने लक्ष्य राखेको उहाँले बताउनु भयो ।

कार्यक्रमका अवसरमा संस्थाले आन्तरिक रुपमा आफ्ना सेवा केन्द्रहरुको मूल्यांकन गरि नवमालिका सदस्य सेवा केन्द्रलाई उत्कृष्ट सेवा केन्द्र र कर्मचारी मध्यमा ज्योती मल्ललाई उत्कृष्ट कर्मचारीको रुपमा पुरस्कृत गर्नुका साथै उत्कृष्ट कारोबार गरि संरक्षित फिर्ता कोषबाट रकम प्राप्त गर्ने एक दर्जन सदस्यहरुलाई नगद सहित सम्मान गरेको थियो । यसै वर्षदेखि सहकारीले सामाजिक उत्तरदायित्व वहन गर्दै विभिन्न विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीको उच्चशिक्षा सम्मको छात्रवृत्ति कार्यक्रमलाई अगाडि बढाउन विद्यालय अक्षयकोष कार्यक्रम पनि अगाडि सारेको छ। यसै क्रममा श्री जनकल्याण मा।वि। जलजला ८ पर्वतका प्र।अ। कृष्णप्रसाद रेग्मीलाई अक्षयकोषका लागि रु १ लाखको चेक समेत कार्यक्रमका अवसरमा प्रदान गरिएको थियो।

कार्यक्रम संस्थाका सहसचिव सुवास आचार्यको स्वागत र सचिव जयराम भारीको संचालनमा सम्पन्न भएको थियो ।

सिवाईसी साकोस फरक रुपमा स्थापीत गराउन विभिन्न सृजनशिल विधि र प्रविधिको प्रयोगद्धारा आफुहरु यहाँ सम्म आइपुगेकोले धवलागिरी क्षेत्रमा कृयाशिल नामुद सहकारीहरु विच वृहत्तर एकताको आवश्यकता रहेका सस्थाका अध्यक्ष चण्डीप्रसाद शर्मा पौडेलले बताउनु भयो । सहकारीको भावनालाई उजागर गर्दै यसो हुन सकेमा मात्र जनतामाझ गरिवी विरुद्धको आभियान संचालन गर्ने सशक्त संस्थाको जन्म हुने र त्यसको लागि सिवाईसी हरेक विकल्पमा छलफल गर्न तयार रहेको बताउनु भयो ।

# कर्मचारी क्षमता विकास तालिम सम्पन्न




२२ आश्विन २०७८
बाग्लुङ




सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि। बाग्लुङको सम्वद्धि दिवसको अवसरमा आयोजना ३ दिवसीय क्षमता विकास तालिम २१-२२ आश्विन,२०७८० शुक्रवार सम्पन्न भएको छ । कार्यक्रमको पहिलो दिन संस्थामा सहकारीको सिपु ज्ञानको सिकाईका लागि छनौट भएका २० जना प्रशिक्षार्थी ९इन्टर्न को सहभागिता रहेको थियो भने दोस्रो र तेस्रो दिनमा प्रशिक्षार्थी र १ सय ११ जना पूर्णकालिन कर्मचारी समेतको सहभागिता थियो । प्रशिक्षर्थीहरुलाई वित्तीय शिक्षा, सहकारी सिद्धान्त र सहकारीमा गर्नु पर्ने काम कर्तव्यका बारेमा प्रशिक्षीत गरिएको थियो भने सम्पूर्ण कर्मचारीहरुलाई कार्यक्षमता र गुणस्तरीय अभिवृद्धिका लागि व्यवहारीक विषयवस्तु र स्वः रुपान्तरणका विधि प्रशिक्षण गरिएको थियो । तालिममा संस्थाका अध्यक्ष चण्डीप्रसाद शर्मा पौडेल, नेफ्सकन का वरिष्ठ तालिम अधिकृत प्रेमनाथ वाग्ले, प्रमख कार्यकारी अधिकृत कवि न्यौपाने र सहायक प्रवन्धक शिवप्रसाद शर्मा, लेखा प्रमुख डिल्लीराम आचार्य लगाएतले सहजीकरण गर्नुभएको थियो ।

सिवाईसी सन्देश

CYC SANDESH

चौमासिक प्रकाशन



# सक्सेस स्टोरी

# सफलताको आधार सिवाईसी

सदस्यको नाम :हरी रेग्मि

सदस्यता नं. :०१०००१९६

सदस्यको व्यवसाय :होटल व्यवसाय

सदस्यको फोन नं.९८४९८८०७४६



नमस्कार ।मेरो नाम हरी रेग्मि हो । म सिवाइसी नवमालिका सदस्य सेवाकेन्द्र मालिकामा आबद्द सदस्यता नम्वर ०१०००१९६ को शेयर सदस्य रहेको छ । मिति २०७७/०१/२३ गतका दिन ५००० रुपैयाँका शेयर रकम राखी यस सिवाइसी साकासको सदस्यता बनेको थिए ।पहिल मैले काठमाडौको बानश्वरमा हाटल खालेर बसको थिए । हाटल पनि राम चलको थिया । पछि विश्वभरी फैलिएका कोरोना कोभिड १९ को कारणले गदा मेरो व्यापार न यता न उता भएका थिया ।म सग लगानी गन सक्ने पैसा कत्ति पनि भएका थिएन ।लकडाउनको कारणले गदा म चैत्रमा घरमा आइ बसको थिए । म घरमा बस्दा सिवाइसीको बारेमा धेरै कुराहरु सनेको थिए त्यपछि मलाइ सिवाइसीमा शेयर सदस्य बन्न मन लाग्या र शेयर सदस्यता लिए ।शेयर सदस्य बनेको १ महिना पछि मलाइ ऋण आवश्यक परेको थिया ।र ऋण माग गरेको थिए ।कमचारीहरु र सञ्चालक समितिहरुल ३ महिना पुग्न पर्दछ । भन्नुभया । म त्यस पछि फेरी न यता न उता भएका महसस भएका थिया ।त्या समयमा मैले घरको काम गरे र तिन महिना पुगपछी म कायालय गए तर बचत हुनुपछ भन्नुभया ।तर पछि उहाँहरुल बैठक बसी निर्णय गरी मेरो हाटलको पिएन नं. दता गरेको माग्न भया । मेरो श्रीमति ,छोरा, र आमाका शेयर राखर लगानी गनपर्ने निर्णय गनपर्ने भनर भन्न भएका थिया । मलाइ गाउँमा कसले पनि सहयाग गरेको थिएन त्या बेला मलाइ सिवाइसीले धेरै सहयाग गरेको थिया मलाइ ढङगा खाज्दा देउता मिल जस्तो भएका थिया ।मलाइ सिवाइसीले सरुमा २००००० रुपैाया लगानी गरेको थिया ।लगानी गरेको २००००० ले एउटा साना कटजका घर निमाण गरे र चिया ,खाजा,खानाका व्यवसाय सरु गरे व्यवसाय राम्रा हुद गया ।त्यसपछि कुखराहरु १०० आटा हाल र मेरो व्यवसाय सरु गरे कुखराबाट पनि मलाइ धेरै फाइदा भएका छ । अहिल मेरो हाटलमा दिन प्रतिदिन राम्रा व्यापार हुद गएका छ ।अका पटक सिवाइसी बाट ३५००००। ऋण लिइ अका कटज निमाण गरे पसलका सामानहरु हालि किराना पसलका थालनि गरी व्यवसायका कमाइ बाट नै सिवाइसी साकासको किस्ता पनि हाल्द गए र दैनिक बचत पनि गद गएका छ । हाल कुखरा पालन किराना पसल हाटल व्यवसाय एकै साथ चलाएका छ ।पटक पटक गरी सिवाइसी सकोसको राम्रा ऋण चलाएका छ । मैले यस साकासमा मासिक रुपमा बुझाउन जम्मा गनपर्ने बचत १० गतभित्र नै जम्मा गरेको छ ।मलाइ सिवाइसी साकासले धेरै सविधाहरु दिएका छ । मैले सिवाइसीका मावाइल बैङकिङ एटिम काड सवै बनाएका छ ।मलाइ एटिम काड बाट कारोबार गन धेरै सजिला भएका छ ।मैले सिवाइसी साकासको एटिम काडले धेरै बैङकहरु बाट पैसा निकाली धेरै कारोवारहरु गरेको छ । अहिल सिवाइसीले मलाइ धेरै काममा सिवाइसी ले सहयाग गरेको छ ।चाहाना भएपछि बाहानाल नछक्दा रहेछ। त्यसले आत्मदखि नै भन्न चाहान्छ । जय सिवाइसी जय सहकारी । सवैजनाल सिवाइसीका सदस्यता ल्याउन हाला ।धन्यवाद ।


सिवाईसी
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
CYC Saving & Credit Cooperative Society Ltd.
अब घर बाटै खानेपानीको
महशुल सिवाईसी स्मार्ट बैंकिङ
एप्लीकेशन बाट भुक्तानी गर्नुहोस
09:00
For more information:
068-521699/522937/522894


सिवाईसी
बचत तथा ऋण सहकारी संस्था लिमिटेड
CYC Saving & Credit Cooperative Society Ltd.
CYC SMART BANKING
सिवाईसी स्मार्ट बैंकिङ
एप्लीकेशन बाट
सजिलै डाटा प्याक खरिद गर्नुहोस
Ncell
voice packs and data packs*
10:00
18°
For more information:
068-521699/522937/522894
Available on: GET IT ON Google Play
Download on the App Store


आफ्नो मोबाइलमा सजिलै ब्यालेन्स रिचार्ज गर्न
9860580601
calling.....
mute
keypad
speaker
सिवाईसी साकोसको
MISSED CALL सेवा
9860580601
२४ सै घण्टा सेवा
यो सेवा निसुल्क प्राप्त गर्न सकिनेछ
२ घण्टी बजाऔं
34001
Service Number 98******** has been credited for 98.03 Rupees, your new balance is **.**, Transaction ID: ****************. - NT
थप जानकारी लिन नजिक को सेवा केन्द्र मा सम्पर्क गर्नु होला